यहि मिति २०८१ चैत महिनाको ०५ गते बसेको कार्यपालिका बैठकको निर्णयहरुः

१. प्रस्ताव नं १ माथि छलफल गर्दा अघिल्लो कार्यपालिका बैटकको निर्णय कार्यान्वयन सम्वन्धमा समीक्षा गरियो ।

२. प्रस्ताव नं २ माथि छलफल गर्दा महाभारत वासीको स्वास्थ्य समस्या पहिचान र उपचारको व्यवस्था गर्न जनस्वास्थ्य कार्यालयको समन्वयमा गाउँपालिकाको वडा नं ६ को मगरगाउँ र वडा नं १ धापमा वृहत् स्वास्थ्य शिविर सञ्चालन गर्ने र पहिचान भएका आँखाको मोतियाविन्दुका विरामीहरुको घर्तीछाप स्वास्थ्य चौकीमा निःशुल्क शल्यक्रिया गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

३. प्रस्ताव नं ३ माथि छलफल गर्दा गाउँपालिका क्षेत्रमा महिला हिंसा र वालविवाह न्यूनीकरण गर्न विभिन्न स्थानमा १६ दिने महिला हिंसा विरुद्धको अभियान अन्तर्गत जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले आधारभूत विद्यालयस्तरीय वक्तृत्वकला प्रतियोगिता सञ्चालन गर्ने निर्णय गरियो ।

कान्छामान जिम्बा
प्रवक्ता